सामाजिक विकास मन्त्रालय
शिक्षाविकास निर्देशानालय
## सामाजिक विकास कार्यालय मुगु

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय
गमगढी, मुगु

प स ०८०/०८१
च न ९०९

मिती २०८०/११/२९
ने स ११९४ चिल्लाथ्य २

### छात्रवृत्ति सम्वन्धि सुचना

प्रस्तुत सम्बन्धमा चालु आ.व.२०८०/०८१ मा यस कार्यलयको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार मुगु जिल्लाको लागि तपशिल वमोजिमका छात्रवृत्ति वितरणका लागी जिल्ला छात्रवृत्ति समितीको मिति २०८०/११/२९ गतेको वैठकको निर्णय अनुसार मिति २०८०/११/२९ गते देखि लागु हुने गरि मिति २०८०/१२/२८ गते सम्म ३० दिने म्याद सुचना प्रकाशन गर्ने निर्णाय भयकोले तपशिलमा उल्लेखित छात्रवृत्ति प्राप्त गर्न मुगु जिल्लामा स्थायी वसोवास भई कर्णाली प्रदेश भित्रका शैक्षिक सस्थामा अध्यनरत तथा एकीकृत छात्रवृत्ति वितरण तथा ब्यवस्थापन कार्यविधी २०८० मा उल्लेखित आधारहरु पुरा भयका विद्यार्थीहरुले छात्रवृत्ति फारम भरी तोकियको मिती भित्र यस कार्यालयमा आवेदन दिन हुन सम्वन्धित सवैका लागी यो सुचना प्रकाशन गरियको छ ।

**<u>तपशिल</u>**

| छात्रवृत्तिको नाम | छात्रवृत्ति प्रदान गरिने विषय/तह | छात्रवृत्ति को संख्या | दर रकम | आवेदन फारमकासाथ वुफाउनुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| प्राविधिक छोरी वुहारी छात्रवृत्ति | प्राविधिक विषय ३ वर्षे डिप्लोमा तह वा सो सरह (स्वास्थ्य, कृर्षि, पशुविज्ञान, वनविज्ञान,इन्जिनियरिङ,सुचना प्रविधी) | १४ जना | ५० हजार | १ नेपालीनागरिकताको प्रमाणपत्रकोप्रतिलिपि नागरिकता प्राप्त गर्ने उमेर नपुगेका विध्यार्थीको हकमा जन्मदर्त्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>२ वुहारीको हकमा विवाहा दर्त्ताको प्रमाण पत्रको प्रतिलिपी।<br>३ मुगु जिल्लाको स्थायी वासिन्दा हो भनी सम्वन्धित स्थानिय तहको सिफारिस।<br>४ अध्यनरत संस्थाले हाल सम्म अध्यनरत रहेको र हाल सम्म कुनै छात्रवृत्ति नपायको भन्ने सिफारिस।<br>५ मान्नेताप्राप्त शिक्षण संस्थावाट SLC/ SEE/ TSLC उर्त्तिण प्रमाण पत्र। |
| उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति | सवै विषय/ स्नातक वा स्नातकोत्तर | ३ जना | २४ हजार | १ नेपालीनागरिकताको प्रमाणपत्रकोप्रतिलिपि।<br>२ मुगु जिल्लाको स्थाइ वासिन्दा हो भनी सम्वन्धित स्थानिय तहको सिफारिस।<br>३ अध्यनरत संस्थाले हाल सम्म अध्यनरत रहेको र हाल सम्म कुनै छात्रवृत्ति नपायको भन्ने सिफारिस।<br>४ अध्यनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाण पत्र।<br>५ सम्वन्धितनिकायवाट अपाङ्गताको परिचय पत्रको प्रतिलिपी। |

| | | | | |
|---|---|---|---|---|
| | | | | स्थानिय तहको सिफारिस।<br>३ अध्यनरत संस्थाले हाल सम्म अध्यनरत रहेको र हाल सम्म कुनै छात्रवृत्ति नपायको भन्ने सिफारिस।<br>४ अध्यनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाण पत्र।<br>५ सम्वन्धितनिकायवाट दलित प्रमाणित परिचय पत्रको प्रतिलिपी। |

टोप बहादुर बुढा
सामाजिक विकास अधिकृत

सामाजिक विकास अधिकृत

नोट -थप जानकारीको लागी कार्लयको सम्पर्क नं मोवाइल नं ९८५८०३८९४७/९८४८२०६४९०
कार्यालय फोन नं ०८७-४६०३१२ इमेल sdomugu@gmail.com

## वितरण गरिने छात्रवृत्तिका प्रकार र पाउने रकम:

१. छोरीबुहारी छात्रवृत्ति( प्राविधिक ३ वर्षे प्रविणता प्रमाणपत्र वा सो सरह अध्यनरत र रकम रु ५००००।
२.उच्च शिक्षा दलित छात्रवृत्ति( स्नातक र स्नातकोत्तर तहअध्यनरत र रकम रु २४०००।
३.उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति (स्नातक र स्नातकोत्तर तहअध्यनरत र रकम रु २४०००।

## छात्रवृत्ति प्राप्त गर्ने आधारहरु:

१.छोरीबुहारी छात्रवृत्तिका लागि सामुदायिक विधालय SLC/SEE/TSLC पास गरि प्रविणता प्रमाणपत्र तह वा सो सरहको प्राविधिक ३ वर्षे डिप्लोमा तहमा निम्न विषयमा अध्ययनरतलाई मात्र उपलब्ध गराईने छ।
क) नर्सिङ.एच.ए. ख) फार्मेसी ल्यापटेक्निसियन रेडियोलोजिष्ट कविराज नेत्र सहायक ग) बालि विज्ञान पशु विज्ञान घ)इन्जिनियरिङ सुचना प्रविधि वन विज्ञान
२.सबै किसिमका छात्रवृत्ति प्राप्त गर्न मुगु जिल्लामा स्थायी बसोबास गरेको र कर्णाली प्रदेश भित्रका विभिन्न शैक्षिक सस्थाहरुमा नियमित अध्ययन गर्ने र छनोटमा परेका छात्र छात्रालाई उपलब्ध गराइनेछ।
३.तीन वर्षे डिप्लोमा तहमा भर्ना भई नियमित अध्ययन गरेको र यो वर्ष अध्ययनरत शैक्षिक सस्था बाट वा अन्य कुनै प्रकारको छात्रवृत्ति नपाएको भनि अध्ययनरत शिक्षालयले सिफारिस गरेको हुनु पर्ने छ।
४. कर्णाली प्रदेश सरकारबाट अघिल्ला आर्थिक वर्षहरुमा छात्रवृत्ति प्राप्त नगरेको हुनुपर्ने।
५.छात्रवृत्ति प्राप्त गर्ने विधार्थि कुनै प्रकारको स्थायी अस्थायी वा करार नोकरीमा कार्यरत नभएको हुनु पर्ने छ ।
६.छात्रवृत्ति प्राप्त गर्ने विधार्थिले आवश्यक शैक्षिक प्रमाण पत्र तथा कागजातहरुको प्रमाणित प्रतिलिपि तथा यस कार्यालयले उपलब्ध गरायको आवेदन फारम भरी तोकियको मिति भित्र पेश गर्नु पर्ने छ ।
७ दोस्रो र तश्रो वर्षमा अध्यनरत रहेका छत्र छात्राहरुले अधिल्लो वर्षको मार्गसिट समेत पेश गर्नु पर्ने छ ।
८ छोरीवुहारी छात्रवृत्ति (प्राविधिक ३ वर्षे प्रविणता प्रमाण पत्र वा सो सरह) उच्च शिक्षा दलित छात्रवृत्ति (स्नातक र स्नातकोत्तर तह )र उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति (स्नातक रस्नाकोत्तर तह ) को लागी आवेदन गर्ने विध्यार्थीहरुले नेपाली नागरिकताको प्रमाण पत्र सो नभय जन्म दर्त्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी शैक्षिक योग्यताकोप्रमाण पत्रको प्रमाणित प्रतिलिपी छोरी वुहारी छात्रवृत्तिको लागी SLC/ SEE/ TSLCउर्त्तिण संस्था

सामाजिक विकास अधिकृत

सामुदायिक हो भनि सोहि संस्थाले प्रमाणित गरेको कागज अपाङ्ग छात्रवृत्तिको लागी अपाङ्गगताको परिचय पत्रको प्रतिलिपी दलितको हकमा जिल्ला प्रशासन कार्यलयवाट दलित प्रमाणित पत्रको प्रतिलिपी  मुगु जिल्लाको स्थायी वासिन्दा हो भनी सम्वन्धित स्थानिय तहको सिफारिस र सम्वन्धित अध्यनरत संस्थाले हाल सम्म अध्यनरत रहेको र हाल सम्म कुनै छात्रवृत्ति नपायको भन्ने सिफारिस संग्लन राखी आवेदन फारम संग वुझाउनु पर्ने छ ।

पुनश्च  छात्रवृत्ति आवेदन फारम डानलोड गर्न तथा अन्य थप जानकारीको लागी शिक्षा विकास निर्देशनालयको वेवसाइट edd.karnali.gov.np मा जानहुन तथा सामाजिक विकास कार्यालय मुगु वा कार्यालयको फोन न.०७८-४६०३१२ मा सम्पर्क गर्न हुन अनुरोध छ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय
गमगढी, मुगु

सामाजिक विकास अधिकृत